"समृद्ध समावेशी र सुखी बेनीघाट रोराङ आधार : कृषि शिक्षा स्वास्थ्य उद्योग सुशासन र पूर्वाधार"

# बेनीघाट रोराङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
विशालटार, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं. २०८१/०८२
च.नं.

**प्राथमिक तहको तृतीय श्रेणी, राहत तथा करार शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन सम्बन्धी**

**सूचना ! सूचना ! सूचना !**

**(प्रथम पटक प्रकाशित मिति: २०८२।०४।२१ गते)**

बेनीघाट रोराङ गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी रिक्त भएको अवस्थामा विद्यालयले विज्ञापन गरी शिक्षक पदपूर्ति गर्दा समय लाग्न सक्ने भएकोले लामो समय शिक्षक रिक्तताको अवस्था सिर्जना हुन नदिन बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा ऐन, २०७९ को दफा ३१ को उपदफा ५ तथा बेनीघाट रोराङ गाउँपालिकाको करारमा शिक्षक कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०८० बमोजिम यस विज्ञापन मार्फत करार सूचिको नतिजा प्रकाशन पश्चात रिक्त हुने प्राथमिक तहको राहत र करार शिक्षक पदमा करार सूचिबाट योग्यता क्रमको आधारमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ । तपसिल बमोजिम तोकिएको योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा रीतपूर्वक दरखास्त पेस गर्नुहुन अनुरोध छ ।

**तपसिल:**

१. विज्ञापन नम्बर: ०१/२०८२।०८३

२. परीक्षाको किसिम: क) लिखित परीक्षा (सामान्य र विषयगत) ख) अन्तर्वार्ता

३. परीक्षा सञ्चालन: सामान्य परीक्षाको परीक्षा दरखास्त दिने समयावधि सकिएको तीन दिन भित्र तोकिनेछ । विषयगत परीक्षाको परीक्षा मिति सामान्य परीक्षाको नतिजा प्रकाशन हुँदा तोकिनेछ ।

४. परीक्षा केन्द्र: बेनीघाट रोराङ गाउँपालिका ,विशालटार, धादिङ ।

५. अन्तर्वार्ता लगायतको अन्य जानकारीका लागि गाउँपालिकाको वेभसाइट तथा फेसबुक पेजमा पछि प्रकाशन गरिनेछ ।

६. दरखास्त दस्तुर: रु. ५००/- अक्षरुपी पाँच सय मात्र ।

७. दरखास्त दिने अन्तिम मिति: २०८२।०५।०४ (कार्यालय समयभित्र)

८. उम्मेदवारको उमेरको हद: दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको ।

९. दरखास्त दस्तुर बुझाउने विधि: बेनीघाट रोराङ गाउँपालिकाको राजस्व शाखामा रु. ५०० को दाखिला गरी सक्कलै भौचर पेस गर्नुपर्नेछ ।

१०. उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता: क) नेपाली नागरिक ।

ख) शिक्षक सेवा आयोग नियमावली (संशोधन सहित), २०५७ को नियम १० बमोजिम अयोग्य नभएको ।

ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा (कम्तीमा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको ।

घ) कुनै पनि तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको ।

११. संलग्न गर्नुपर्ने कागजातहरु: उम्मेदवारको निवेदन, नागरिकताको प्रमाणपत्र, हालसालै खिचेको फोटो, दस्तखत नमुना, न्यूनतम योग्यताको लब्धाङ्कपत्र, तालिमको प्रमाणपत्र । उल्लेखित विवरण एवम कागजात झुठ्ठा ठहरिएमा वा तोकिएको कागजात पेस नगरेमा त्यस्तो दरखास्त जुनसुकै समयमा रद्द हुनेछ ।

१२. विज्ञापन सम्बन्धी अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

२०८२/०४/२९

बोधराज पाठक
नि.प्रमुख प्रशासकीय अधिकृत